**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

प्रेस विज्ञप्ति - २०६२ चैत्र ३१ (१३ अप्रिल २००६)

---

# नेपालमा अत्यधिक बल प्रयोगबाट मानवअधिकार उच्चायुक्त स्तब्ध

नेपालमा सुरक्षाफौजद्वारा गरिएको अत्यधिक बल प्रयोगका साथै व्यापक मात्रामा गरिएको स्वेच्छारी गिरफ्तारीले जनताको शान्तिपूर्ण र स्वतन्त्रतापूर्वक भेला हुन पाउने अधिकारको उल्लंघनबाट संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तले आफु स्तब्ध भएको आज बताउनुभएको छ ।

'नेपालमा विकास हुँदै गएको मुठभेडप्रति चिन्ता व्यक्त गर्दै साता दिनअघि महासचिव कोफी अन्नानले शान्तिपूर्ण प्रदर्शनीका बाटाहरू झन्डै बन्द भएको देखिएको टिप्पणी गर्नुभएको थियो ।' उच्चायुक्त लुइस आर्बरले भन्नुभयो- 'प्रदर्शनकारी र सुरक्षाफौजलाई नेपालमा मेरो कार्यालयले संयम अपनाउन गरेको आग्रह र कार्यालयका प्रयासका बाबजूद अहिले ध्वंसको अवस्था बढ्दो छ ।' सशस्त्र प्रहरी बल र नेपाल प्रहरीका सदस्यहरूले काठमाडौंमा प्रदर्शनकारीहरूविरुद्ध आजसम्मकै सबैभन्दा अधिक बल प्रयोग गरेको हाम्रा मानवअधिकार अधिकृतहरूले मंगलबार देखेका छन् र तीन भयावह गोलीप्रहारसमेत गरी गम्भीर घाइते हुनेहरूको संख्या डरलाग्दो ढंगले बढिरहेको छ ।

'म सरकारलाई शान्तिपूर्ण भेला हुन पाउने मानवअधिकारलाई सम्मान गर्न उसका अन्तर्राष्ट्रिय दायित्वप्रति पुनःस्मरण गराउन चाहन्छु । र, म उसका सुरक्षाफौजलाई प्रदर्शनकारीहरूद्वारा ढुंगा र अन्य यस्ता किसिमका प्रहार सामाना गर्नुपरेको अवस्थामा पनि आवश्यक पर्ने न्युनतम बल प्रयोग गर्नुपर्ने उसका दायित्व पुनःस्मरण गराउन चाहन्छु । नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले शान्ति सुव्यस्था कायम गराउन संयुक्त राष्ट्रसंघका शान्ति अपरेशनलाई सघाएका छन् । तर, मानवअधिकार उल्लंघनमा सम्वद्ध व्यक्तिहरूबारे शाही नेपाली सेनालाई सूचना उपलब्ध गराएजत्तिकै राष्ट्रसंघीय शान्ति अपरेशन विभागलाई पनि उपलब्ध गराउने मेरो प्रतिवद्धता स्पष्ट गर्न चाहन्छु ।

---

*थप जानकारीका लागि सार्वजनिक जानकारी तथा बाह्य सम्पर्क इकाइ प्रमुख किरण ड्वयरलाई सम्पर्क गर्नुहोला ।*
*फोन: ४२८० १६४ (एक्सटेन्सन ३२१); मोवाइल: ९८५१०१४२६३; फ्याक्स: ४६७ ०७१२*
*इमेल:* ***kdwyer@ohchr.org***